## मिति २०७८/०९/०९गते शुक्रबार ११६ औं कार्यपालिका बैठक

प्रस्तावः

१. अघिल्लो कार्यपालिका बैठकका निर्णय समिक्षा सम्बन्धमा ।

२. योजना संशोधन सम्बन्धमा ।

३. सरसफाई, वातावरण तथा विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

४. घ वर्गको इजाजत दिने सम्बन्धमा ।

५. मुक्त कमलरी छात्रावास खर्च सम्बन्धमा ।

६. युएसआईडी साझेदारी संघीयता सहयोग अन्तर्गत महिला शान्ति सुरक्षा परियोजनाबाट लैङ्गिक हिंसा निवारण कोषमा जम्मा हुने गरी प्राप्त हुने सहयोग रकम स्वीकार गर्ने सम्बन्धमा ।

७. आर्थिक सहयोग सम्बन्धमा ।(नेपाल निजामती कर्मचारी संगठन, वडा नं. १६ सीता कुमारी शर्मालाई उपचार खर्च)

८. स्वास्थ्य स्वयंसेविकाको विमा सम्बन्धमा ।

९. द्धन्द्ध पिडितहरुको स्वास्थ्य विमा सम्बन्धमा ।

१०. ठेक्काको म्याद थप सम्बन्धमा ।

११. वडा नं. १० डाबर टोलमा खानेपानी बोरिङ संचालनका लागि ५० के.भि.को ट्रान्समिटर खरिद सम्बन्धमा ।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समिक्षा गरियो ।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिकाको नवौं नगरसभाबाट आ.व. २०७८/०७९ का लागि स्वीकृत योजना तथा कार्यक्रमहरु मध्य संशोधन तथा रकमान्तर गर्न अत्यावश्यक देखिएका केही योजना तथा कार्यक्रमहरु संशोधन तथा रकमान्तर सम्बन्धी कानूनको परिधि भित्र रही सम्बन्धित विषयगत समिति र वडा समितिको निर्णयानुसार संशोधन गरी दशौं नगरसभामा अनुमोदनका लागि पेश गर्ने ।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको सरसफाई, वातावरण तथा विपद् व्यवस्थापन समितिको मिति २०७८।०८।०1 र मिति २०७८।०९।०४ गते बसेको बैठकका देहाय अनुसारका निर्णयहरु अनुमोदन गर्ने ।

३.१ घोराही उपमहानगरपालिका वडा नं. २ जिम्दारतरा गौशाला व्यवस्थापन गाई हेरालुहरु बस्नका लागि २ कोठा भएको भवन र शौचालय तथा घोराही उपमहानगरपालिकाको भवन अगाडीको तारबार गरेको क्षेत्रमा सरसफाई कर्मचारी विश्राम स्थल(टहरा) निर्माणका लागि घोराही उपमहानगरपालिकाको सरसफाई व्यवस्थापन शाखाको वार्षिक कार्यक्रम अन्तर्गत सार्वजनिक गौशाला व्यवस्थापन चाक्लिघाट(सि.नं. ७७३) शीर्षकबाट खर्च हुने गरी निर्माण गर्ने ।

३.२ घोराही उपमहानगरपालिका अन्तर्गत सरसफाई व्यवस्थापन शाखाबाट व्यवस्थापन हुँदै आएको यस उपमहानगरपालिकाबाट उत्पादन हुने गल्ने नगल्ने फोहरमैला व्यवस्थापनका लागि निजी क्षेत्रसँग प्रस्ताव आव्हानको सूचना प्रकाशन गर्ने ।

३.३ घोराही उपमहानगरपालिका अन्तर्गत सरसफाई व्यवस्थापन शाखाले खरिद गरेको नगल्ने कवाडजन्य फोहर बिक्रिका लागि सूचना प्रकाशन गर्ने ।

३.४ घोराही उपमहानगरपालिका बजार क्षेत्रभित्र अव्यवस्थित रुपमा व्यवसाय गर्ने कवाड व्यवसायीहरुलाई घोराही उपमहानगरपालिका वडा नं. १६ करौतीडाँडामा २०७८ माघ मसान्तभित्र स्थानान्तरण गर्नका लागि ३५ दिने सूचना प्रकाशन गर्ने साथै उक्त स्थानमा तारजाली लगाउने तथा फिल्ड सम्म्याउने कार्य सरसफाई व्यवस्थापन शाखाको समन्वयमा ल्याण्डफिल्ड साइट व्यवस्थापन समितिलाई जिम्मेवारी दिने ।

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिकाले बनाएको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिम सबै प्रक्रिया र कागजातहरु पुरा गरे नगरेको राजश्व शाखा प्रमुखबाट चेक जाँच गरी पेश भएमा जे.पि. निर्माण सेवा घोराही १५ का प्रो. जीवमाया वलीलाई घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र दिने ।

**निर्णय नं. ५**

लमही नगरपालिका वडा नं. १ नर्तिमा रहेको लावाजुनी मुक्त कमलरी छात्राबासमा बसी स्नातक तह अध्ययन गरिरहेका मुक्त कमलरीहरुको छात्रावास व्यवस्थापन खर्च दायित्व लिने सम्बन्धी मिति २०७८।०८।२२ गते लमही नगरपालिकाका नगर प्रमुखज्यूको अध्यक्षतामा बसेको जिल्ला स्तरीय पालिका प्रमुख र शिक्षा अधिकृतज्यूहरुको उपस्थितिमा बसेको बैठकको निर्णय बमोजिम यस आर्थिक वर्ष २०७८/०७९को मुक्त कमलरीहरुको सम्पूर्ण छात्रावास खर्च सम्बन्धित पालिकाहरुले दायित्व लिने सर्वसम्मतिले निर्णय गरेको हुँदा उक्त निर्णय कार्यान्वयनका लागि मुक्त कमलरी विकास मञ्चको च.नं. ६१, मिति २०७८।०८।२६ गतेको पत्रबाट अनुरोध भई आएकोले उक्त निर्णयलाई समर्थन गरी यस घोराही उपमहानगरपालिकाको दायित्वमा रहेका दुई जना छात्राहरुको छात्रावास व्यवस्थापन खर्च घोराही उपमहानगरपालिकाको तर्फबाट उपलब्ध गराउने ।

**निर्णय नं. ६**

USAID संघीय साझेदार सहयोग (STF) को मिति २०७८।०८।२१को प्राप्त पत्र अनुसार उक्त संस्था/कार्यक्रमबाट यस घोराही उपमहानगरपालिकामा रहेको लैङ्गिक हिंसा निवारण कोषमा समपुरक रकम थप गरी लैङ्गिक हिंसा निवारण तथा व्यवस्थापनका लागि सहयोग उपलब्ध गराउन चाहेको विषय जानकारी हुन आएकोले उक्त कार्यक्रमबाट सहयोग स्वरुप प्राप्त हुने रकम स्वीकार गर्ने । साथै उक्त कोषमा जम्मा भएको रकम घोराही उपमहानगरपालिको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन मापदण्ड २०७७ बमोजिम कार्यान्वयन गर्ने ।

**निर्णय नं. ७**

७.१ नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्य समिति दाङको एघारौं जिल्ला अधिवेशन मिति २०७८।०९।१० गतेदेखि मिति २०७८।१०।१४ र १५ गते काठमाण्डौमा हुन गइरहेकोले राष्ट्रिय अधिवेशन व्यवस्थापनका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि जिल्ला कार्य समिति दाङको मिति २०७८।०९।०७ गतेको पत्रबाट अनुरोध भई आएकोले नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्य समिति दाङलाई आर्थिक सहायता स्वरुप रु. २५०००।– (पच्चिस हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

७.२ घोराही उपमहानगरपालिका वडा नं. १६ बस्ने अनुप आचार्यले आफ्नो आमा सीता कुमारी शर्मा स्पाइनल इन्जूरी भई शिक्षण अस्पताल महाराजगञ्ज काठमाण्डौमा उपचाररत रहेको र उहाँको आर्थिक अवस्था अति कमजोर रहेकोले उहाँलाई औषधी उपचारका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि १६ नं. वडा कार्यालयको च.नं. ६१२६ मिति २०७८।०८।२९ गतेको सिफारिस पत्रबाट अनुरोध भई आएकोले उहाँलाई(सीता कुमारी शर्मा) औषधी उपचारका लागि आर्थिक सहायता स्वरुप रु.१५०००।– (पन्ध्र हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिका क्षेत्रभित्र कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुको स्वास्थ्य विमा यस उपमहानगरपालिकाको जनस्वास्थ्य प्रवर्द्धन शाखाको आ.व. २०७८/०७९को वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत रहेको महिला स्वास्थ्य स्वयंसेविका प्रवर्द्धन कार्यक्रम शीर्षकबाट खर्च हुने गरी गर्ने ।

## निर्णय नं. ९

घोराही उपमहानगरपालिका भित्र दश वर्षे जनयुद्धको द्धन्द्धमा संलग्न रहि वा नरही द्धन्द्धबाट प्रभावित द्धन्द्ध पिडितहरुका लागि स्वास्थ्य विमा गर्ने सम्बन्धमा तपसिल अनुसार मापदण्ड बनाइ द्धन्द्ध पिडितहरुको निःशुल्क स्वास्थ्य विमा गर्ने ।

**तपसिलः**

१. द्धन्द्धको समयमा परिवारको सदस्य गुमाएको परिवार ।

२. द्धन्द्धको समयमा घाईते भई अंगभंग गुमाइ अपाङ्ग भएको परिवार ।

३. द्धन्द्धको समयमा गिरफ्तार भई यौन हिंसामा परेको परिवार ।

## निर्णय नं. १०

घोराही उपमहानगरपालिकाको नवौं नगरसभाबाट आ.व. २०७८/०७९को लागि स्वीकृत बजेट तथा कार्यक्रम अनुसार घोराही उपमहानगरपालिका क्षेत्रभित्र गत आ.व. २०७६/०७७ र २०७७/०७८ मा सञ्चालित तपसिल बमोजिमका योजनाहरु विभिन्न कारणहरु जस्तै कोभिड १९ तथा वर्षातको कारणले समयमै निर्माण सम्पन्न गर्न नसकिएको भनि बोलपत्रदाताहरुबाट म्याद थपका लागि निवेदन पेश हुन आएको र व्यहोरा अध्ययन गर्दा मनासिव देखिएकोले कार्यालयलाई थप आर्थिक व्ययभार नपर्ने गरी सार्वजनिक खरिद नियमावली २०६४ को दफा १२० उपदफा ६(दशौं संशोधन) बमोजिम म्याद थप गर्ने ।

**तपसिलः**

| सि.नं. | ठेक्क नं./योजना | योजनाको नाम | बोलपत्र दाताको नाम | संझौता भएको मिति | संझौता अन्त्य भएको मिति | योजना सम्पन्न गर्नुपर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | NCB/WORKS/GMSC/05/077/078 | खैरा कोठरी सडक निरन्तरता | श्री तिरुपाते निर्माण सेवा | २०७७।१०।०८ | २०७८।०३।३१ | २०७८।११।३० | |
| २ | NCB/WORKS/GMSC/06/077/078 | सडक विभाग देखि धारपानी जाने बाटो निर्माण | श्री तिरुपाते निर्माण सेवा | २०७७।१०।०८ | २०७८।०३।३१ | २०७९।०३।१५ | सघन शहरीबाट फुटपाथ निर्माणको काम सम्पन्न नभएको हुँदा |
| ३ | NCB/WORKS/GMSC/07/077/078 | जिल्ला प्रशासन देखि शहिद गेट हुदै नेपाल बैंक सम्म नाला सहित सडक पिच | श्री वेष्टर्ण डेभलपमेन्ट कन्स्ट्रक्सन | २०७७।१०।०८ | २०७८।०३।३१ | २०७८।१२।३० | |
| ४ | NCB/WORKS/GSMC/10/077/078 | बसेरी खानेपानी योजना | श्री प्रभुदेव निर्माण सेवा | २०७७।११।१० | २०७८।०३।३१ | २०७८।११।३० | |
| ५ | NCB/WORKS/GSMC/24/077/078 | पशु बधशाला निर्माण तथा सञ्चालन | श्री लक्ष्मी पुजा निर्माण सेवा तथा मेटेरीयल सप्लायर्स | २०७८।०३।११ | २०७८।०३।३१ | २०७८।१२।३० | |
| ६ | NCB/WORKS/GSMC/25/077/078 | श्री बाल विकास माध्यामिक विद्यालय कक्षाकोठा निर्माणका | श्री तुल्सी निर्माण सेवा | २०७८।०३।११ | २०७८।०३।३१ | २०७९।०२।३० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | NCB/WORKS/GSMC/21/077/078 | बि. पी. मार्ग देखि सुर्केडांगी रात्रि प्रा.वि. जाने सडक निरन्तरता, गोग्ली मा.वि देखि लक्ष्मीपुर चोक जाने सडक पिच निरन्तरता, गोग्ली चोक देखि तल्लो बाटो अधुरो पिच निरन्तरता, कप्तान चोक देखि वडा कार्यालय जाने बाटो निमार्ण र घोराही १७ बर्गद्धी ढिकपुर जोड्ने सडक निर्माण | श्री थ्रि.जि.कन्स्ट्रक्सन प्रा.लि. | २०७८।०३।०९ | २०७८।०३।३१ | २०७८।११।३० | |
| ८ | NCB/WORKS/GSMC/13/077/078 | खिरिटिया, लखुवार, खैरानगर, कप्तान चोक हुदै डागी गाउं सम्म सडक पिच निर्माण | श्री उर्जा/कृशभ निर्माण सेवा (जे.भी.) | २०७८।०२।२० | २०७८।०३।३१ | २०७८।१२।३० | |
| ९ | NCB/WORKS/GSMC/23/077/078 | पर्यटन सुचना केन्द्र निर्माण | श्री लोकमणी बिल्डर्स प्रा.लि. | २०७८।०३।११ | २०७८।०३।३१ | २०७८।१०।३० | |
| १० | NCB/WORKS/GSMC/12/077/078 | तल्लो दामोदर सडक ( लख्वार, राजापुर, घुस्रा, कर्मटिया ) निरन्तरता, बगद्धिबाट ढिकपुर जाने बाटो बाटो पिच निरन्तरता र गगई देखि धाइरे डांडा सडक पिच निरन्तरता | श्री दक्षिणकाली निर्माण सेवा | २०७७।१२।३१ | २०७८।०३।३१ | २०७८।१०।३० | |
| ११ | NCB/WORKS/GSMC/12/077/078 | बधशाला निर्माण | श्री रोल्पा निर्माण सेवा | २०७६।०१।२९ | २०७८।०३।१५ | २०७९।०२।३० | |

## निर्णय नं. ११

घोराही उपमहानगरपालिका वडा नं. १० डावर टोलमा खानेपानीको लागि बोरिङ संचालन गर्न विद्युत पावर कम भई खानेपानी आपूर्तिमा समस्या भएकोले ५० के.भि.को विद्युत ट्रान्सफर्मर खरिदका लागि १० नं. वडा कार्यालयको च.नं. ३९७, मिति २०७८।०४।२४ को सिफारिससाथ अनुरोध भई आएकोले उक्त खानेपानी बोरिङ संचालनका लागि आवश्यक ५० के.भि.को विद्युत ट्रान्सफर्मर घोराही उपमहानगरपालिकाबाट खरिद गरी उपलब्ध गराउने ।